# एस डेभलपमेण्ट बैंक लिमिटेड
# ACE DEVELOPMENT BANK LIMITED

ACE DEVELOPMENT BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

रजिष्टर्ड कार्यालयः नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४४१११०, फ्याक्सः ४४४५५५४
E-mail: info@ace.com.np ~ URL: www.ace.com.np

को

## हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

श्री एस डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०६५/०२/०१ गते सम्म कायम साविक शेयरधनीहरुका लागि दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा रु.९ करोड ६० लाख रकम बराबरको प्रति शेयर रु.१००/(अंकित दरका ९,६०,००० कित्ता हकप्रद साधारण शेयर **आज मिति २०६५/२/१२ गते दिन देखि मिति २०६५/३/१५ गते बैंकिङ्ग समय**सम्मको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ। यस हकप्रद निष्काशन (Rights Issue) सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०६५/१/२४ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नहुन समेत अनुरोध गरिन्छ।

### हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरूले पालना गर्नुपर्ने केहि मुख्य कुराहरू :

क) निष्काशन गरिने हकप्रद शेयर खरिद गर्नका लागि मिति २०६५/०२/०१ गते सम्म कायम साविक शेयरधनीहरुले मात्र शेयर खरिदका लागि आवेदन दिन पाउनेछन्।

ख) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली कम्पनीले तोकिएको ढाँचाको आवेदन फारम भरी दरखास्त दिनु पर्नेछ।

ग) दरखास्त फारम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।

घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्काशन बैंकहरु श्री सनराइज बैंक लिमिटेड, गैह्रीघारा, काठमाण्डौको खाता नं. १०८२०४८७ र श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ स्थित खाता नं. १४७९५०० मा रकम जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।

ङ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।

च) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँड गरिनेछ।

छ) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन।

ज) हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा डेभलपमेण्ट बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

### 'हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरू', दरखास्त फारम पाईने र दरखास्त साथ रकम बुझाउने स्थानहरू :

१. **श्री एन.आई.डि.सी.क्यापिटल मार्केटस् लिमिटेड (वित्तीय संस्था)** कमलपोखरी, काठमाण्डौ।
२. **श्री एस डेभलपमेण्ट बैंक लिमिटेड**, नारायणचौर, नक्साल, काठमाण्डौ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको निष्काशन तथा बिक्री बन्द हुनुभन्दा अघिको मितिमा एन.आई.डि.सी. क्यापिटल मार्केटस् लिमिटेड (वित्तीय संस्था) को नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्टसाथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा एन.आई.डि.सी.क्यापिटल मार्केटस् लिमिटेड (वित्तीय संस्था), कमलपोखरी, काठमाडौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

यस हकप्रद निष्काशन (Rights Issue) सम्बन्धमा कुनै लगानीकर्ताहरु/साविक शेयरधनीहरुको गुनासो सुन्न तथा त्यसको समाधानकालागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एन.आई.डि.सी. क्यापिटल मार्केटस् लिमिटेड (वित्तीय संस्था) कमलपोखरी, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

**एन.आई.डि.सी.क्यापिटल मार्केटस् लिमिटेड (वित्तीय संस्था)**

पो.ब.नं. ७४२३ कमलपोखरी, काठमाण्डौ, फोन नं. ४४२३२१९, फ्याक्स नं. ४४२३४०१
E-mail :-ncml@wlink.com.np, URL: www.ncml.com.np